बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र./२०८२/८३
चलानी नं. :- ८५

बागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौंडा, नेपाल

मितिः २०८३।०४।०५

विषयः कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा।

श्री स्थानीय तह (सबै),
बागमती प्रदेश।

प्रस्तुत विषयमा स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको आ.व. २०८२।८३ को कार्यसम्पदान मूल्याङ्कन सम्बन्धमा तपशिल अनुसार गर्नु गराउनु हुन मिति २०८३।०४।०५ को निर्णय(प्रमुख सचिवस्तर) अनुसार अनुरोध छः-

तपशिल

१. स्थानीय सेवामा कार्यरत प्रत्येक कर्मचारीहरुले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को अनुसूचि -१३ बमोजिमको ढाँचामा कार्यसम्पादन मूल्याङ्कन फाराम ३ (तीन) प्रति भरी श्रावण ७ गतेभित्र सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ।
२. म्यादभित्र भरी पेश भएका कार्यसम्पादन मूल्याङ्कन फाराम स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४२ को उपदफा (१) बमोजिमका पदाधिकारीले सुपरिवेक्षक र पुनरावलोकनकर्ताको रुपमा मूल्याङ्कन गर्नु पर्नेछ।
३. सम्बन्धित स्थानीय तहमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ४२ को उपदफा (१) बमोजिमका पदाधिकारी उपलब्ध नभएमा तोकिएको म्यादभित्र देहायका पदाधिकारीले मूल्याङ्कन गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नु पर्नेछः-

| क्र.सं. | कर्मचारी | सुपरीवेक्षक | पुनरावलोकनकर्ता |
|---|---|---|---|
| १. | सहायक तहको कर्मचारीको लागि | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कम्तीमा शाखा अधिकृत/अधिकृत सातौं | सुपरीवेक्षक भन्दा एक तहमाथिको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत कर्मचारी |
| २. | अधिकृत छैटौं तह वा सो भन्दा माथिका कर्मचारीको लागि | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कम्तिमा एक तहमाथिको अधिकृत कर्मचारी | सुपरीवेक्षक भन्दा एक तहमाथिको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत कर्मचारी |

४. कर्मचारीहरुबाट पेश भएको का.स.मु.फाराम सुपरिवेक्षकबाट मूल्याङ्कन गरी श्रावण मसान्त भित्र पुनरालोकनकर्ताले प्राप्त गरी सक्ने गरी पुनरालोकनकर्ता समक्ष पेश गर्नु पर्नेछ।
५. पुनरावलोकनकर्ताबाट भाद्र १५ भित्र मूल्याङ्कन गरी पुनरावलोकन समित समक्ष पेश गर्नु पर्नेछ।
६. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कनको लागि देहायबमोजिम पुनरावलोकन समिति रहनेछः-

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेवसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

पत्र सङ्ख्या :- क.प्र./२०८२/८३
चलानी नं. :- २९

६.१ गाउँपालिकाको लागि

क. सहायक तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको उपसचिव/अधिकृत नवौं -अध्यक्ष
आ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको शाखा अधिकृत/अधिकृत सातौं -सदस्य
इ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत (तोकिएबमोजिमको प्रमुख प्रशासकीय अधिकृत कार्यरत नभएमा सम्बन्धित सुपरीवेक्षक) -सदस्य

ख. छैटौं, सातौं, आठौं तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको प्रदेश सचिव - अध्यक्ष
आ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको उपसचिव/अधिकृत नवौं -सदस्य
इ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत प्रमुख (तोकिएबमोजिमको प्रमुख प्रशासकीय अधिकृत कार्यरत नभएमा सम्बन्धित सुपरीवेक्षक) -सदस्य

६.२ नगरपालिकाको लागि

क. सहायक तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
आ. सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य
इ. सम्बन्धित सुपरीवेक्षक -सदस्य

ख. छैटौं, सातौं, आठौं तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको प्रदेश सचिव -अध्यक्ष
आ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको उपसचिव/अधिकृत नवौं -सदस्य
इ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत (तोकिएबमोजिमको प्रमुख प्रशासकीय अधिकृत कार्यरत नभएमा सम्बन्धित सुपरीवेक्षक) - सदस्य

ग. नवौं, दशौं तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. बागमती प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष
आ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयको प्रदेश सचिव -सदस्य
इ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत (तोकिएबमोजिमको प्रमुख प्रशासकीय अधिकृत कार्यरत नभएमा सम्बन्धित सुपरीवेक्षक) -सदस्य

६.३ महानगरपालिका र उपमहानगरपालिकाको लागि

क. सहायक तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
आ. सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य
इ सम्बन्धित सुपरीवेक्षक -सदस्य

ख. छैटौं, सातौं, आठौं तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत -अध्यक्ष
आ. सम्बन्धित पुनरावलोकनकर्ता -सदस्य
इ. सम्बन्धित सुपरीवेक्षक -सदस्य

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- क.प्र./२०८२/८३
चलानी नं. :- ८५

ग. नवौं, दशौं तहको कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनको लागिः

अ. बागमती प्रदेश सरकारको प्रमुख सचिव -अध्यक्ष

आ. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रदेश सचिव -सदस्य

इ. सम्बन्धित प्रमुख प्रशासकीय अधिकृत (तोकिएबमोजिमको प्रमुख प्रशासकीय अधिकृत कार्यरत नभएमा सम्बन्धित सुपरीवेक्षक) -सदस्य

७. पुनरावलोकनकर्ताबाट प्राप्त भएको का.स.मु.फाराममा पुनरावलोकन समितिले मूल्याङ्कन गरी मूल्याङ्कित फारामहरु १/१ प्रति भाद्र मसान्त भित्र प्रदेश लोकसेवा आयोग, बढुवा समितिको सचिवालय मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइ बाँकी १ (एक) प्रति फाराम सम्बन्धित कार्यालयमा सुरक्षित राख्नु पर्नेछ।

८. कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. १०५, मिति २०८३।०३।२९ को पत्र बमोजिम कार्यसम्पादनमा आधारित मूल्याङ्कन प्रणाली अवलम्वन गर्नुपर्नेछ।

९. कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी अन्य व्यवस्था स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ र प्रचलित कानून बमोजिम हुनेछ।

बोधार्थः
श्री सूचना तथा सञ्चार समन्वय शाखाः-वेभसाइटमा अपलोड गरिदिनुहुन।

८३।४।५

(गोविन्द पुरी)
उपसचिव

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np